पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

☏:{ 067 – 411101
067 – 411102

✉ : paiyungapa@gm

🌐: www.paiyunmun.g

गण्डकी प्रदेश, नेपाल।


प.सः २०७९।८०

च.नं : १६५

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मितिः २०७९।०५।६ गते

विषयः **स्थानीय भू -उपयोग परिषद्को बैठक सम्वन्धमा ।**

**श्री स्थानीय भू-उपयोग परिषद एवं गाउँकार्यपालिका**
**सदस्य ज्यूहरु सवै ।**

प्रस्तुत विषयमा भू- उपयोग क्षेत्र निर्धारण सम्वन्धमा तपसिल मिति समय र स्थानमा स्थानीय भू-उपयोग परिषद्को बैठक तय गरिएकोले उपस्थितिका लागि निर्देशानुसार सादर अनुरोध छ।

तपसिल

मितिः २०७९।०५।०९ गते बिहिवार

समयः दिउसो ठिक ३ बजे

स्थानः पैंयूँ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय हुवास पर्वत।

२०७९-०५-६

**(केशव लामिछाने)**
**प्रमुख प्रशासकीय अधिकृत**

**(पुनश्चः भू-उपयोग ऐन २०७६ को दफा १८मा स्थनीय भू-उपयोग परिषद् सम्वन्धी ब्यवस्था भएको साथै ऐ. ऐनको ऐ. दफाको उपदफा २ मा सम्वन्धित गाउँ कार्यपालिकाले स्थानीय भू-उपयोग परिषद्को रुपमा काम गर्नेछ भनी उल्लेख भएको ब्यहोरा जानकारीका लागि सादर अनुरोध छ।)**

## भूउपयोग क्षेत्र निर्धारण सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा जारी प्रेस नोट

कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रम मार्फत कृषि उत्पादन वृद्धि र खाद्यसुरक्षाको प्रत्याभूति, दीगो पूर्वाधार विकास, व्यवस्थित शहरीकरण र सुरक्षित आवास, प्राकृतिक स्रोत साधनको समुचित व्यवस्थापन, विपद जोखिम न्यूनीकरण लगायत उद्देश्य राखी नेपाल सरकारले भूउपयोग नीति २०७२ जारी गरेको छ।

सो नीति कार्यन्वयनका लागि सार्वभौम संसदबाट भूउपयोग ऐन २०७६ र नेपाल सरकारबाट भूउपयोग नियमावली २०७९ लागू भैसकेको सर्वमा विदितै छ। उक्त नीति, ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गिकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने अधिकार तोकिएका छन। नियमावलीको अनुसूची १ मा भूउपयोग क्षेत्र निर्धारण गर्ने आधारहरु र मापदण्डको व्यवस्था समेत गरिएको छ। यी नीति र कानून कार्यन्वयनमा तत्काल सहजीकरण गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७९/०२/२७ गते परिपत्र जारी भएको छ। सो परिपत्र अनुसार प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रको जग्गालाई २०७९।८।२३ गते भित्र कम्तीमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्ट्याउनु पर्ने व्यवस्था गरिएको छ। यस कार्यमा सहजीकरण गर्न विभिन्न सरोकारवाला निकायहरुको भूमिका सहितको मार्गदर्शन समेत मन्त्रालयले जारी गरिसकेको छ।

यस सन्दर्भमा केही समय यता केही स्थानीय तहहरुले आफ्नो कार्य क्षेत्रभित्रको जग्गालाई ऐन, नियम वा परिपत्रमा उल्लेख गरिएको भन्दा फरक ढंगबाट वर्ग छुट्ट्याउने वा कुनै पनि वर्गमा नछुट्ट्याउने वा जग्गाधनीलाई स्वघोषणा गर्न लगाउने वा सबैलाई एकमुष्ठ कृषि वा बसोबास क्षेत्रमा राख्ने जस्ता कार्य भैरहेको बुझिएकोले यस विषयप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त कार्य प्रचलित कानूनी व्यवस्थाको मर्म र भावना अनुरूप नभएकोले त्यस्तो कार्य नगर्न नगराउन हुन सम्बन्धित सबैमा अनुरोध गरिएको छ।

स्थानीय तहहरूले प्रचलित नीति, ऐन तथा नियमावली र मन्त्रालयबाट जारी परिपत्रको भावना र मर्म आत्मसात हुने गरी तत्कालकोलागि स्थानीय भूउपयोग परिषदबाट निर्णय गरी भूउपयोग क्षेत्र (मिति २०७९।८।२३ भित्र कम्तीमा कृषि क्षेत्र र गैर कृषि क्षेत्र) छुट्ट्याउनु पर्ने हुन्छ र तत् पश्चात सम्बन्धित तहको भूउपयोग क्षेत्र वर्गीकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ।

नापी विभागले ७५३ वटै स्थानीय तहको भूउपयोग नक्सा, सोको विद्युतीय अभिलेख वा तथ्याङ्क तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ। स्थानीय तहद्वारा सो नक्सा तथा डाटाको प्रयोग गरी वा सो नक्सालाई अद्यावधिक गरी भूउपयोग क्षेत्र छुट्ट्याउन सकिनेछ। यसको लागी स्थानीय तहलाई प्राविधिक सहयोग आवश्यक भएमा नापी विभागमा सम्पर्क राख्न सकिनेछ। नापी विभागले यस कार्यको लागि आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गरि सकेको हुँदा विभागसँग आवश्यक सहकार्य र समन्वय गरी भूउपयोग क्षेत्र छुट्ट्याउने कार्य गर्न गराउन सम्बन्धित सबै पालिकाहरूको जानकारीको लागि अनुरोध गरिएको छ।

जनकराज जोशी
सहसचिव / प्रवक्ता

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
067 – 411101
067 – 411102
paiyungapa@gmc
www.paiyunmun.gc
गण्डकी प्रदेश, नेपाल।

प.सः २०७९/८०
च.नं : १६६

मितिः २०७९।०५।६ गते

विषयः **स्थानीय भू-उपयोग कार्यान्वयन समितिको बैठक सम्वन्धमा ।**

**श्री वडा अध्यक्ष ज्यूहरु सवै ।**
**श्री प्राविधिक शाखा प्रमुख ज्यू,**
**श्री कृषि शाखा प्रमुख ज्यू,**
**श्री कुस्माखर वस्याल ज्यू, पैंयू गाउँपालिका वडा नं.-१**
**श्री देवी आचार्य ज्यू, पैंयू गाउँपालिका वडा नं.- २**
**श्री बेन प्रसाद भुर्तेल ज्यू पैंयू गाउँपालिका वडा नं.- ५**
**श्री भिमा कुमारी राना ज्यू, पैंयू गाउँपालिका वडा नं.-६**

प्रस्तुत विषयमा भू- उपयोग ऐन २०७६ को दफा २० बमोजिम गठनभएको **स्थानीय भू-उपयोग कार्यान्वय समितिको बैठक** भू- उपयोग क्षेत्र निर्धारण सम्वन्धमा तपसिल मिति, समय र स्थानमा तय गरिएकोले उपस्थितिका लागि निर्देशानुसार सादर अनुरोध छ।

**तपसिल**

मितिः २०७९।०५।०९ गते बिहिवार
समयः दिउसो ठिक ३.३० बजे
स्थानः पैंयूँ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय हुवास पर्वत।

2079-05-06

**(केशव लामिछाने)**
**प्रमुख प्रशासकीय अधिकृत**